# गौर नगरपालिकाको कार्यालय

गौर, रौतहट

## बातावरण मैत्री स्थानिय शासण कार्यक्रम

(EFLGP)

# वातावरणमैत्री स्थानिय शासन कार्यक्रम अनूगमनको प्रतिवेदन

२०७२।७३

असार

प्रतिवेदक :

जगदिश अधिकारी

अनुगमण तथा मूल्याङ्कन अधिकृत,(वातावरणबिद) गौर न.पा.

वातावरणमैत्री स्थानिय शासण कार्यक्रम,

## १. *भूमिका*

नेपाल सरकारबाट २०७० असोज २३ मा स्वीकृत वातावरणमैत्री स्थानीय शासन प्रारूपको कार्यान्वयन गर्न एउटा महत्वपूर्ण कार्यक्रमको रूपमा नेपाल सरकारबाट स्वीकृत वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कोशी तथा गण्डकी जलाधार क्षेत्रका १२ जिल्लामा पर्ने ३३ वटा नगरपालिकाहरू र ६० गा.वि.स. (एक जिल्लामा पाँच गा.वि.स का दरले) मा सञ्चालन प्रारम्भ गरिएको छ ।

वातावरणमैत्री स्थानीय शासन कार्यक्रमको लक्ष्य स्थानीय तहमा वातावरणमैत्री शासनको अवलम्बन गर्दै जलवायु अनुकुलन तथा वातावरणमैत्री समाजको विकास गरी गरिवी निवारणमा सहयोग पुऱ्याउनु रहेको छ । यस कार्यक्रमको उद्देश्य वातावरण संरक्षण, जलवायु अनुकुलन एवं विपद् व्यवस्थापनको लागि एकीकृत योजना बनाई विपद् तथा जलवायु परिवर्तनको कारण जोखिममा रहेका मानिसहरूको जलवायु अनुकुलन क्षमता विकास गर्नु हो ।

## २. अपेक्षित उपलब्धीहरू (Outcome)

१. स्थानीय निकाय, विषयगत कार्यालयहरू र नागरिक समाजको जलवायु अनुकुलन तथा वातावरणमैत्री शासन प्रणाली अवलम्बन गर्ने क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन तथा विपद् जोखिममा रहेका मानिसहरूको अनुकुलन क्षमता बढाउने ।

२. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि एकीकृत योजना तर्जुमा प्रकृया अवलम्बन गर्ने ।

३. स्थानीय समुदायको जिविकोपार्जनमा सुधार ल्याउनको लागि जलवायु अनुकुलन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्ने ।

## ३. अपेक्षित नतिजाहरू (Output)

१. जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी गराउन राष्ट्रिय तथा स्थानीय निकायहरूको क्षमता अभिवृद्धि हुने ।

२. जलवायु परिवर्तन, विपद् तथा वातावरण व्यवस्थापन प्रभावकारी गराउने गरी स्थानीय समुदायको क्षमता अभिवृद्धि हुने ।

३. जलवायु अनुकुलन, वातावरण व्यवस्थापन र विपद् न्यूनिकरण गर्नको लागि सम्बन्धित नगरपालिका तथा जिल्ला विकास समिति मार्फत सिधैं कार्यक्रम कार्यान्वयन हुँदा यस क्षेत्रमा स्थानीय निकायमा कार्यक्रम कार्यान्वयन गर्ने क्षमता बढ्ने । स्थानीय तहमा प्राकृतिक श्रोतको दिगो उपयोग एवं सोबाट राजश्व परिचालन व्यवस्था संस्थागत गर्ने ।

४. वातावरण तथा जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन योजना तथा बजेट स्थानीय तथा राष्ट्रिय योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण हुने ।

५. नागरिकलाई प्रभावकारी तथा नतिजमूलक सेवा प्रदान गरी जलवायु परिवर्तनसँग जुध्न सक्षम बनाउने ।

६. वातावरणमैत्री घर, टोल, वडा, गाउँ तथा नगर घोषणा हुने ।

## ४.अनुगमण कार्यक्रमको उद्देश्यः

बातावरणमैत्री स्थानिय शासण कार्यक्रमको अनुगमन कार्य तपसिलका उद्धेश्य प्राप्तिको लागी तय गरिएको थियो ।

१) वडामा रहेका  नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चका वीचमा घर, टोललाई वातावरण मैत्री बनाउनको नदिने कारक पत्ता लगाउने ।

२) नागरिक सचेतना केन्द्रका सदस्यहरको घर र टोलमा वातावरण मैत्री घर बनाउन नदिने सूचकहरुको बारेमा पहिचान गर्ने ।

३) नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चका विचमा  अभिमूखिकरण कार्यक्रम गर्ने ।

४) योजनाहरुको सन्चालनको अवस्थाको स्थलगत निरिक्षण गर्ने ।

५) अख्तियारी पाई सञ्चालनमा रहेका योजनाको वारेमा स्थलगत अनुगमण गरि कार्यस्थलको Baseline जानकारी लिने ।

६) सञ्चालनमा आएका कार्यक्रमको समय समयमा भौतिक प्रगति लिने ।

७) समयमै कार्य सम्पन्न गर्न नसकिने तत्वको पहिचान गर्ने ।

## ५.अनुगमन सम्वन्धि विवरण :

मिति २०७२।०१२।२९ देखि मिति २०७३।०३।२३ गतेसम्म नगरपालिकाको EFLGP को तर्फवाट विभिन्न नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च र कार्यक्रम आयोजना स्थलको अनुगमन गर्नका लागि तपसिल वमोजिमका स्थानहरुमा नगरपालिकाका कर्मचारिहरुवाट अनुगमण गरिएको थियो ।

## ६.अनुगमनका उपलव्धिहरु :

अनुगमनवाट निम्नानुसारका उपलव्धीहरु हासिल भएको थियो ।

- विभिन्न वडाहरुमा भएका नागरिक सचेतना केन्द्रका सदस्यहरुले वातावरण मैत्री अभिमुखिकरण कार्यक्रममा घर परिवारलाई वातावरणमेत्री बनाउने आधारभुत सुचकको बारेमा जानकारी पाएको ।

- विभिन्न वडाहरुमा भएका वडा नागरिक मञ्चका सदस्यहरुले वातावरण मैत्री अभिमुखिकरण कार्यक्रममा घर–परिवार तथा टोललाई वातावरणमेत्री बनाउने आधारभुत सुचकको बारेमा जानकारी पाएको ।

- नागरिक सचेतना केन्द्रका सदस्यहरुले घर परिवारमा वातावरण मैत्री सूचक हासिल गर्न सकेमा प्राप्त गर्न सकिने फाईदाहरुको बारेमा जानकारी हासिल गरेको ।

- Software कार्यक्रममा सामाजिक परिचालकहरुलाई समेत भुमिका दिएकोले थप हौसला वृद्धि भएको ।

- विभिन्न वडामा भएका ७ वटा बिद्यालयहरुमा बिद्यार्थीहरुको बीचमा गरिएको वातावरण मैत्री अभिमुखिकरण तालिम तथा अनुगमणमा विद्यार्थीहरुले वातावरण संरक्षणको बारेमा पृथक तरिकाले शिक्षा हासिल गरि वातावरण संरक्षण तथा समय समयमा गरिएको सरसफाई अभियानमा समेत सामेल गर्न सफल भएको ।

- निरन्तर अनुगमण गर्दा योजना सन्चालनमा आएका कार्यक्रमहरुको प्रगति अबिलम्ब रुपमा भएको पाइयो ।

**७. समस्याहरु :**

- वातावरण मैत्री सुचक हासिल गर्न नासकेका सदस्यहरुलाई आर्थिक कठिनाई

- वातावरण मैत्री कार्यक्रम प्रतिको धारणामा विविधता

- समाजमा वातावरण मैत्री कार्यक्रम व्यवास्ता गरिएको सवाल पाइएकोले वुझाउन कठिन

- ऋभिमूखिकरण कार्यक्रममा प्रसस्त मात्रामा मानिसहरु जुटाउन कठिनाई

- विकास भनेको रोड, खानेपानी, बिजुली जस्ता कूरा बुझाईले जडा गाडेको समाजले वातावरण बिषय बेवास्ता भएको

- Hardware योजनाहरु सञ्चालन भएका कार्यकम्रमा वातावरण मैत्री कार्यक्रमले वर्चसो गर्न अझै नसकेको ।

**८. सुझावहरु :**

- वातावरण मैत्री नगर समन्वय समितिवाट पनि समय निरन्तर वातावरण मैत्री परिचालन कार्यक्रमको अनुगमन गरिनु पर्ने ।
- नोसकेका सदस्यहरु तथा सम्पूर्ण नगरबासीहरुले वातावरण मैत्री घर तथा टोल बनाउन आफूले अबिलम्मन गर्न सक्ने सूचकको आफ्नो तर्फबाट प्रयास गर्नु पर्ने आवश्यकता
- नोसकेका सदस्यहरुले तथा सवै नगरबासीहरुले सरसफाइ तथा वातावरण संरक्षण कार्य निरन्तर राख्नुपर्ने आवश्यकता ।
- सामाजिक परिचालक तथा वडा नागरिक मञ्चका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम संचालन गरिनु पर्ने ।
- सामाजिक परिचालकहरुले समय समयमा आफ्नो वडा तथा टोलको Updated वातावरण मैत्री सूचकहरुको Survey गरिरहने ।
- कार्यक्रमलाई थप प्रभावकारी वनाउनको लागि सरोकारवालाहरुले संचार माध्यमहरु संग सहकार्य गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।
- Hardware का सबै कार्यक्रमहरु एकैचोटी सञ्चालनमा नल्याई समय अनुकुल वनाउनु पर्ने ।
- वातावरण मैत्री नगर समन्वय समितिको निरन्तर सहकार्य, छलफल, समिक्षा, हुनुपर्ने ।
- Hardware कार्यक्रमहरु बढी वातावरण मैत्री, जलवायू परिवर्तनको असरसँग जुध्ने, बिपन्न परिवारहरुका Adaptive Capacity बढाउने किसिमको हुन पर्ने ।

## ९. निष्कर्ष :

तराई बन्दको चपेटामा परि कार्यक्रम संचालनमा अबिलम्ब भइ वातावरण मैत्री स्थानिय शासण कार्यक्रमका योजनाहरु ढिलो संचालनमा आएको कारण उद्देश्य अनुरुप घर परिवारहरु तथा टोल हरुलाई वातावरणमैत्री बनाउन नसकिएको प्रस्ट देखिन्छ । तथापी तराई वन्द खुले पछि संचालनमा आएका कार्यक्रमहरुले लक्षित वर्गमा सकारात्मक प्रभाव पार्न मद्धत मिलेको छ ।

नासकेका सदस्यहरु तथा सम्पूर्ण नगरबासीहरुले वातावरण मैत्री घर तथा टोल बनाउन आफूले अबिलम्वन गर्न सक्ने सूचकको आफ्नो तर्फबाट प्रयास गर्नु पर्ने आवश्यकता देखिन्छ । कार्यक्रमलाई थप प्रभावकारी वनाउनको लागि सरोकारवालाहरुले संचार माध्यमहरु संग सहकार्य गरी कार्यक्रम संचालन गर्नुपर्ने नितान्त आवश्यक रहेको छ । साथै Hardware का सबै कार्यक्रमहरु एकैचोटी सञ्चालनमा

नल्याई समय अनुकुल वनाई संचालनमा ल्याइनुपर्ने छ र योजना छनोट कार्यमा नै Hardware का कार्यक्रमहरु बढी वातावरण मैत्री, जलवायू परिवर्तनको असरसँग जुध्ने, बिपन्न परिवारहरुका Adaptive Capacity बढाउने किसिमको कार्यहरुलाई प्रमुख प्राथामिकता दिनु पर्दछ । वातावरण मैत्री नगर समन्वय समिति तथा यस वातावरण मैत्री स्थानिय शासणसँग सम्बन्धि सरोकालवालाहरु वीच निरन्तर सहकार्य, छलफल, समिक्षा, गरि यस विश्वव्यापि अभियानमा स्थानिय स्तरमा कार्य गर्दा नै विश्वलाई सोच्नु पर्ने नितान्त जरुरि रहेको छ ।

# कार्यक्रम सम्वन्धि तस्विरहरु








ENGLISH







